नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ५२ २०७९ साल असोज १ गते शनिबार (17 Sep 2022 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलाञ्चलमा जितिया ... ३ पृष्ठमा : शिक्षामा बजेट अपुग ... ३ पृष्ठमा भियतनाममा एक लाख २० हजारभन्दा ...

## म्यादी प्रहरीमा आवेदन दिनेको संख्या बढ्दै

# सप्तरीमा पहिलो दिन १ हजार ६ सय ३ तथा दोश्रो दिन २ हजार ३६ आवेदन पऱ्या



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ ।**

आगामी मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेश सभा सदस्य निर्वाचनका लागि म्यादी प्रहरीमा आवेदन दिनेको संख्या दिनँहु बढ्दै गएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार पहिलो दिन भदौ ३० गते सप्तरीमा १ हजार ६ सय ३ जनाले आवेदन दिएका थिए भने दोश्रो दिन भदौ ३१ गते सो संख्या बढेर २ हजार ३६ पुगेको छ ।

दुबै दिनको मिलाएर ३ हजार ६ सय ३९ जनाले म्यादी प्रहरीका लागि आवेदन दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

यता मधेश प्रदेश प्रहरी जनकपुरधामका अनुसार भर्ना खुलेको पहिलो दिनमा सप्तरीबाटै १ हजार ६ सय ३ जनाले सबैभन्दा बढी आवेदन दिएका छन् । प्रदेश भरि पहिलो दिन ६ हजार १ सय १६ पुरुष र २ हजार २ सय ९७ महिला गरी ८ हजार ४ सय १३ जनाको आवेदन परेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार पहिलो दिन सर्लाहीबाट १ हजार ४ सय २२, सिरहाबाट १ हजार ९४, धनुषाबाट १ हजार ८४, रौतहटबाट १ हजार ६, महोत्तरीबाट ७ सय ८५, बाराबाट ७ सय २७ र पर्साबाट ६ सय ९२ आवेदन परेको छ ।

सरकारले मंसिर ४ गतेको निर्वाचनका लागि एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गर्नका लागि भदौ ३० देखी असोज ६ गतेसम्म आवेदन दिन समय तोकेको छ ।

गृह मन्त्रालयले स्वीकृत गरेको म्यादी प्रहरीको 'भर्ना छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी मापदण्ड-२०७९' अनुसार १८ वर्ष पूरा भई ५४ वर्ष उमेर ननाघेका व्यक्तिले दरखास्त दिन पाउनेछन् । छनोट भएकालाई असोज ३० देखि कात्तिक ८ सम्म तालिम गराएर कात्तिक ९ बाट परिचालन गरिनेछ । म्यादीले ४० दिनको तलब/भत्ता, खाजा खर्चलगायत एकमुष्ट ५० हजार १ सय ६० रुपैयाँ पाउनेछन् ।

## प्रतिनिधि र प्रदेशसभाको कार्यकाल असोज १ गते रातिपछि सकिने

काठमाडौँ, ३१ भदौ (रासस) ।

निर्वाचन आयोगले विद्यमान प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको कार्यकाल आगामी असोज १ गते राति १२ बजेदेखि स्वतः कायम नरहने स्पष्ट गरेको छ ।

आयोगले राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको भदौ २८ गतेको पत्र र

*बाँकी तीन पृष्ठमा*

## विद्यालय भवनको छतमा प्लाष्टर र सिढी नबनाई रकम निकासा



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ स्थित पकरी र सोनरा विद्यालय भवन निर्माणका क्रममा छतको प्लाष्टर र सिढी नबनाई रकम निकासा भएको छ ।

उपभोक्ता समिति, प्राविधिक र निर्माण कार्यको ठेक्का लिएको ठेक्केदार समेतको मिलोमतोमा भवनको छतको प्लाष्टर र सिढी नबनाई रकम निकासा भएको हो ।

स्थानीय रमेश यादवका अनुसार भवनको उद्घाटन गत भदौ ४ गते मधेश प्रदेशका सामाजिक विकास मन्त्रि नवलकिशोर साहले गरेको दिन छत हेर्न गएपछि आश्चर्य मानेका थिए ।

मधेश प्रदेशका सामाजिक विकास मन्त्रि साहले आर्थिक बर्ष २०७८/७९ मा मधेश प्रदेश संसदीय कोषको समाजिक विकास मन्त्रलाय अन्तर्गतका पकरी माविमा ५० र सोनरा राप्राविमा ३० गरी ८० लाख बजेट विद्यालय भवन निर्माण कार्यका लागि बिनियोजन भएको विद्यालय भवन निर्माण उपभोक्ता समितिबाट २० प्रतिशत पिसी लिएर बजेट विनियोजन गरेको स्थानियको उपभोक्ताको आरोप छन ।

भवन निर्माण गर्न छतको प्लाष्टर र सिढी नबनाईएको कारण भवनको संरचनानै बिग्रेका छन् । यादवले भवनको निर्माण कार्यका जिम्मेवारी लिएकाहरुले पहिलो चरणमा नै संरचना

*बाँकी तीन पृष्ठमा*

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### विश्वकर्मा झै सबैको साझा बन्न सकुन्

प्रत्येक बर्ष आजको दिन अर्थात असोज १ गते विश्वकर्मा पूजा मनाइन्छ। आजका दिन फलामको प्रयोग भएको मेसिन, उद्योग, कलकारखाना, यातायातका साधनलाई सजाएर भव्यतापूर्वक पूजापाठ गरिन्छ। परापूर्वकालमा दैत्यशक्तिबिरुद्ध लड्न देवताहरुलाई बिभिन्न किसिमको मेसिन, हतियार बनाइदिएर सहयोग गर्ने विश्वकर्मालाई फलामे देउताको रुपमा पूजापाठ गरिँदै आएको छ। आ-आफ्नो मेसिन, बस, ट्रक, जीप, कार, मोटरसाइकलसहित सम्पूर्ण यातायातका साधनको पूजापाठ गरेपछि विश्वकर्माको पूजापाठ सम्पन्न भएको विश्वास गरिन्छ।

कतिपय उद्योग, कलकारखाना तथा ग्यारेजहरुले भगवान विश्वकर्माको माटोको प्रतिक मूर्ती ल्याएर पूजा गर्ने गर्छन्। यस दिन आ-आफ्नो साधन, सवारी, मेसिन र पार्टपूर्जाको पूजापाठ गर्नाले कुनै दुर्घटना नहुने र यी सामग्रीहरुबाट धोका नपाइने विश्वास गरिन्छ।

तसर्थ आउँदो मंसिर ४ गते हुने निर्वाचनमा जनता गम्भिर रहेकाले सम्पूर्ण राजनीतिक दलका नेताहरु पनि विश्वकर्मा झैं सबैको साझा बन्नु आवश्यक छ।

# मिथिलाञ्चलमा जितिया पर्वको रौनक

**अजयकुमार साह**
धनुषा, ३१ भदौ (रासस)।

पवित्र मानिएको जितिया पर्व जनकपुरसहित सम्पूर्ण मिथिलाञ्चलमा शुक्रबारदेखि धार्मिक विधिअनुसार सुरु भएको छ। व्रत बस्नुअघि आजको दिन महिलाले घिरौँलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई प्रसाद चढाई चिउरा दही र अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) खान्छन्। आजको दिनलाई 'नहा, खाय' अर्थात् नुहाएर खानु भनिन्छ।

शनिबार बिहान ४ बजेदेखि पानीसमेत नखाई उपवास बसेका बर्तालु महिलाले पर्सि आइतबार बिहान १० बजे व्रत सम्पन्न गर्ने छन्। बर्तालुले शुक्रबार जनकपुरधामको पवित्र जलाशय गङ्गासागर, अरगजसर, धनुष सागर, गोरधोइ पोखरीलगायत पोखरी र नदीमा स्नान गरी जितमाहनको कथा सुनेर व्रतको शुभारम्भ गरेका छन्। यस्तोमा पाकाले भन्ने र तन्नेरीले सुन्ने चलन रहेको छ।

व्रत बस्नु अघिल्लो दिन शुक्रबार बर्तालुले विभिन्न जलाशयमा स्नान गरी घिरौँलाको पातमा पिना, सख्खर र तोरीको तेल चढाउनुपर्छ। देवतालाई चढाएकै तेलमध्येबाट आ-आफ्ना शाखा सन्तानलाई पनि लगाउन दिनुपर्छ। क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरकी ७६ वर्षीया गीतादेवी झाका अनुसार व्रतको पहिलो दिन पूजापछि कोदोको रोटी, नुनीको साग र माछा खाने चलन छ। यसलाई स्थानीय भाषामा माछ मरुवा (माछा र कोदो) भनिन्छ। विधिअनुसार बिहान काग कराउनुभन्दा पहिल्यै व्रती महिलाले ओठगन सम्पन्न गर्नुपर्छअर्थात् केही खानेकुरा ओठमा लगाउनुपर्छ।

धेरैजसो महिलाले ओठगनमा च्युरा, दही खाने गर्दछन्। त्यसपछि विकट उपवासका क्रम सुरु हुन्छ। आश्विन कृष्ण पक्षको अष्टमीका दिन मनाइने यस व्रतको विशेष महत्व रहेको पण्डित लालबाबु झा बताउनुहुन्छ। पण्डित झाले सन्तानको दीर्घ जीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको छुट्टै धार्मिक सांस्कृतिक तथा तान्त्रिक महत्वसमेत रहेको बताउनुभयो। उहाँले पितृ पक्षमा मनाइने यस पर्वमा महिलाले पनि आफ्नो दिङ्वगत पितृलाई पिण्ड चढाउने गरेकाले मिथिला महिलाको सांस्कृतिक भूमिका र महत्व पनि उजागर गरेको बताउनुभयो।

पुरोहित इन्द्रकान्त झाले मिथिलाञ्चलमा मनाइने व्रतमध्ये जितिया व्रतलाई निकै पवित्र व्रतका रुपमा मानिने गरिएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "उपवास बसेका दिन महिलाले डकार (ढ्याउ) गरे अथवा मुखले खकार (थुक निल्नु) वा जिब्रो टोके भने पनि व्रत असफल भएको मानिन्छ। त्यसैले यस पर्वलाई खर जितिया पनि भनिन्छ। फेरि एकपटक असफल भएकी व्रती आजीवन व्रत बस्न पाउँदिनन्।"

राजा शालिवहानको राज्यमा एउटी महिलाका सात जना छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिनदेखि शालिवहानलाई जिमुत बहान नामकरण गरी राजाको सम्झनामा उपवास बसेर यो व्रत सुरु भएको पौराणिक कथन छ।

जितिया पर्वबारे मधेसमा एउटा भनाइ छ :

जितिया पावनि बड भारी
धियापूताके ठोकी सुतौलनि
अपने खयलनि भरि थारी

अर्थात् जितिया पर्व निकै कठिन छ। यो पर्व गर्न आमाले छोराछोरीलाई ठोक-ठाक पारेर सुताइदिन्छे अनि आफू थालभरि खान्छे तर वास्तविकता त्यो होइन, त्यो त खाली त्यसको पवित्रता र महत्वलाई दर्साउने गरी त्यो पर्व गर्नुभन्दा अगाडि प्रत्येक महिलाले व्रत लिन अपनाउने सतर्कताका क्रममा गरिने चरणको कार्य मात्र भएको जनकपुरधाम-१४ की इन्दुदेवी झा बताउनुहुन्छ।

यस पर्वको आफ्नै विशिष्ट विधि विधान रहेको छ। पर्वको एक दिनअघि अर्थात् आश्विन कृष्ण सप्तमीका दिन सधवा स्त्रीगण माछा एवं कोदोको रोटी खाने गर्छन् भने विधवाद्वारा भात, चिउरा, कोदोको रोटी खाने परम्परा रहेको छ। शाकाहारी हुनेले स्नान गरेर गम्हरी (कोसाभित्रै फल्ने धान)को खीर वा भात पनि खाने चलन छ। अष्टमी तिथिको बिहान ३-४ बजेतिर नै प्रत्येक महिलाले आचमन शुद्धी गरी घिरौँलाका पातमा तेल लगाएर त्यसमाथि पिनाको अर्घ राख्छन्। त्यसपछि दिन-रात उपवासमा बस्नुपर्ने भएकाले छाकभरि भोजन गर्छन्। महिलाले व्रत-उपवास गर्नुभन्दा पहिला नै खाने गरेकाले नै होला, यस व्रतका सन्दर्भमा माथि उल्लेख गरिएको भनाइको चलन भएको विश्वास छ।

बच्चा ब्युँझेपछि तिनका आमाले तिनको मुख, हात धुन लगाई रातिमा तिनका लागि घिरौँलाका पातमा राखेका नैवेद्य स्वरुपको चिउरा, दही खान दिन्छन् र आफू दिनरात उपवासमा बसेर जिमुतवाहन तथा चिल र स्यालको कथा सुन्छन्। जुन दिन नुहाएर खाइन्छ त्यसको भोर (बिहानी पख)मा घरको भित्तामा अडेस लिएर मन्त्र पढिन्छ जसलाई ओङ्गठन भनिन्छ। ओङ्गठनको मन्त्र यसप्रकार रहेको छ :

धियाके जनम जनि दिय हे विधाता
देवनि सहोदर जेठ भाय
घैलाके ओङगठन गेरुलि
बहिनियाँके ओङगठन भाय ॥

भोलिपल्ट बिहानै सकालै उठेर व्रतीले पोखरी, नदीमा गएर स्नान गर्छन् र त्यही डिलमा घिरौँलाको पात, कचौँरामा लगेको तेल लगाई त्यसमाथि हल चढाएर अर्घ दिसकेपछि घर आउँछन् र आ-आफ्ना सन्तानका कपालमा कचौरामा रहेको सो पुजनको तेल लगाइदिने चलन रहेको छ। यसपछि सबैलाई दही, चिउरा र फलफूल खान दिएर व्रती आफू पनि पारायण गरेर पर्वको समापन गर्छन्।

**यसरी गरिन्छ जिमुतवाहनको पूजा**

कृष्णअष्टमीका दिन बर्तालुले नजिकको पोखरी, तलाउमा स्नान गरी भगवान् सूर्यलाई अर्घ अर्पण गर्छन्। त्यसपछि व्रतको सङ्कल्प गर्छन् र घरमा आएर डाली भर्ने गरिन्छ। डालीमा नरिबल, काँक्रो, स्याउ, केरालगायतका फलफूल राखेर नयाँ कपडाले छोपिन्छ।

मध्याह्नतिर टोलभरिका महिलाले एक ठाउँमा भेला भएर जिमुतवाहन व्रतको महत्व, पर्वको शुभारम्भ, जिमुतवाहन देउताका बारेमा एक वृद्ध बर्तालु महिलाले कथावाचन गर्नुहुन्छ र सबैले कथा श्रवण गरेपछि आाक्स्–आफ्ना घर फर्किन्छन्।

साँझतिर आँगनमा गाईको गोबरले लितपोत गरेर एउटा सानो खाल्डो खनेर पोखरीको निर्माण गरिन्छ। त्यो पोखरीको डिलमा पाकडी रूखको सानो हाँगा गाड्नुका साथै हाँगामा माटोको चिलको आकृति र हाँगामुनि स्यालको आकृति बनाउँछन्। त्यहाँ जलले भरिएको कलशमा कुशको जिमुतवाहनको मूर्ति राखिन्छ र फलफूल लिएर जिमुतवाहनको बर्तालु महिलाले पूजापाठ गर्छन्।

भविष्य पुराणमा वर्णन गरेअनुसार शालिवाहन राजाका पुत्र जिमुतवाहन हुनुहुन्थ्यो। उहाँमाथि महादेवको ठूलो कृपा रहेकाले नियमनिष्ठाले व्रत गर्ने महिलालाई सन्तान दीर्घायु हुने वरदान भगवान्बाट प्राप्त गर्नुभएको थियो।

हिन्दू धर्मको विभिन्न पर्वमा कतिपय चरा र जनावरलाई विशेष महत्व दिएर पूजा गरेर सम्मान दिने परम्परा रहेको छ। सोअनुरूप गाई, परेवा, काग, कुकुर, हाँस, बाघ, मुसोलगायतका जनावरको पूजा गरिन्छ भने जितिया पर्वमा चिल र स्यालको पूजा गर्नुपर्ने हुन्छ।

**यस्तो छ जितिया पर्व कथा**

कनकावती नगरको मध्यभाग स्थित नर्मदा नदीको डिलमा पाकरी (पाखैर) को रूखको फेदमा स्याल बस्थ्यो भने हाँगामा चिल। दुईवटैको बीचमा घनिष्ठ मित्रता थियो। एक दिन जितिया पर्व मनाउने महिलाले नर्मदा नदीमा स्नान गरी त्यही रूखको फेदमा बसेर जिमुतवाहन देवतालाई प्रसाद चढाएर कथावाचन गरेका थिए।

बर्तालु महिलाको कथा सुनेर चिल र स्याललाई पनि जितिया व्रत गर्ने इच्छा जागृत भयो। दुवैले सल्लाह गरी व्रतमा बस्ने निधो गरे। सोही राति नर्मदा नदीको डिलमा एक व्यापारीको छोराको दाहसंस्कार गरियो। मृतकका आफन्तले शवको अधिकांश भाग जलेपछि छोडेर घर फर्के। उनीहरू फर्केर गएको देखेर स्याललाई मृतकको मासु खाने इच्छा जाग्यो र साथी चिललाई थाहै नदिई मासु पनि खायो र केही लुकाएर पनि राखेको चिलले हेरिरहेको थियो।

अर्को जुनीमा दुवैको जन्म भास्कर नामक ब्राह्मणको घरमा भयो। पूर्वजन्ममा चिलको शिलावती र स्यालको कर्पुरावतीका रूपमा जन्म भयो। जेठी शिलावतीको विवाह धनवानको घरमा र कर्पुरावतीको राजाको घरमा। जेठी शिलावतीका सात छोरा भए तर महारानी भएकी कर्पुरावतीको छोरा जन्मियो तर मृत्यु भयो।

मृत्युपछि दुवैको सम्बन्ध चिसिँदै गएपछि जेठी शिलावतीले आफ्नी बहिनीलाई पूर्वको घटना स्मरण गराउँदै व्रत भङ्ग गरेको कारण यस जन्ममा तिम्रो सन्तानको मृत्यु भएको भनी जानकारी गराएको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ। त्यसै कारणले यो व्रत जति कठोर भए पनि व्रतलाई कसैले खण्डित गर्न चाहँदैनन्।

थारू जनजातिका महिलाबीच पनि यो पर्व अति लोकप्रिय रहेको छ। थारू समुदायमा विवाहित महिलाले आफ्ना सन्तति र पतिको सुखशान्तिको कामना गर्दै निराहार बसी तीन दिनसम्म यो पर्व मनाउने गर्छन्। यस समुदायमा पर्वको पहिलो दिन पिना र पहेँलो माटो मुछेर घिरौँलाका पातमा घिरौँलाकै फूलबाट पूजा गरिन्छ र त्यही माटोबाट कपाल नुहाइन्छ। भोलिपल्ट बिहान कुलदेवता बस्ने घरको पिँढीमाथि चिल र पिँढीदेखि तल स्यालको पूजा गरिन्छ। पर्वको तेस्रो दिन बिहान घरको आँगनमा पूजा गरेर उपवास तोडिन्छ र जिमुतवाहनको कथा सुन्ने र नाचगान गरिन्छ।

कतिपय महिलाले यस पर्वमा पुर्खालाई समेत पूजा गर्ने गरेको पाइन्छ। यस पर्वमा आफ्ना कुलका मृत श्रेष्ठ महिलाको स्मरण गर्दै पुजन गरिन्छ। छोरा र छोरीमा भेदभाव गर्नुहुन्न भन्ने चेतना बढ्दै गएकाले यसलाई अचेल आफ्ना सन्तानको कल्याणका लागि मनाइने पर्व पनि भन्न थालिएको छ। ऐतिहासिक यस भूभागमा बसोबास गर्ने मुस्लिमबाहेकका महिलाको पर्वका रूपमा पनि यसले आफ्नो अस्तित्व हालसम्म कायम राखेको छ।

**दसैँ आगमनको सङ्केत**

जितिया पर्वलाई दसैँ आगमनको सङ्केतका रूपमा पनि लिइन्छ।

जितिया, दशैँ, दशमी, दशमी बीसे
सुकराति, सुकराति छवे छठी।

अर्थात् जितियाको दश दिनपछि दसैँ, दसैँको बीस पछि दीपावली र दीपावलीको छ दिनपछि छठ पर्व हुने गर्दछ। यो व्रत खण्डित हुँदा सन्तानलाई अनिष्ट हुने जनविश्वास रहेकाले यस पर्वले सामाजिक, धार्मिक र सांस्कृतिक विविधतालाई पनि सामाजिक संरचनाकै अभिन्न पर्वका रूपमा बुझ्नु जरुरी छ। जितिया पर्वको अवसरमा मधेसका महिलालाई केही वर्षदेखि नेपाल सरकारले बिदा दिएको छ भने मधेस प्रदेश सरकारले सार्वजनिक बिदा नै दिने गरेको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# शिक्षामा बजेट अपुग : शिक्षा कर र वैकल्पिक स्रोतको खोजी

**प्रकाश सिलवाल**
काठमाडौँ, ३१ भदौ (रासस)।

शिक्षालाई गुणस्तरीय र समतामूलक बनाउन प्रदेश र स्थानीय तहले शिक्षा करको प्रबन्ध र वैकल्पिक स्रोतको खोजी गरी लगानी बढाउन सुझाव दिइएको छ।

विद्यमान राष्ट्रिय बजेटमा शिक्षाको हिस्सा बढाएर खर्च गर्ने अधिकार बढीभन्दा बढी स्थानीय तहलाई नै दिन पनि विज्ञहरूले सुझाव दिएका छन्। शिक्षालाई व्यापारिक वस्तु नभई सार्वजनिक वस्तु (पब्लिक गुड्स)का रूपमा लिएर व्यक्तिको नैसर्गिक र सक्षमताको अधिकारका रूपमा शिक्षा अधिकार स्थापित गर्न जीवनपर्यन्त सिकाइका लागि स्रोतको वैकल्पिक खोजी गरी सरकारी लगानी बढाउनुपर्ने एक अध्ययनको निष्कर्ष रहेको छ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपालले गरेको ‘शिक्षामा लगानी अपुग र दिगो विकास लक्ष्यको शैक्षिक लक्ष्य’ विषयक अध्ययनले विद्यालय तहको कार्यक्षेत्र स्थानीय तहको भए पनि कुल शिक्षा बजेटको ६४ प्रतिशतमात्रै सो तहमा विनियोजन हुनु अपुग भएको देखाएको छ ।

उक्त अध्ययनको निचोड प्रस्तुत गर्दै शिक्षाविद् डा विनयकुमार कुसियतले दिगो विकासको लक्ष्य नं ४ र नेपालको संविधानको मौलिक हकमा उल्लेखित व्यवस्थाअनुसार विद्यालय तहमा निःशुल्क र गुणस्तरीय शिक्षा कायम गर्न विद्यालयमा दिइएको विद्यमान बजेटको साढे दुई गुणा बजेट बढाउनुपर्ने बताउनुभयो। उहाँले शिक्षामा वैदेशिक अनुदानभन्दा ऋण बढ्दो भएको र सार्वजनिक लगानी भन्दा निजी (व्यक्तिगत) लगानी बढी रहनुले सरकारको निःशुल्क र अनिवार्य शिक्षाको प्रतिबद्धतामा प्रश्न उठ्ने टिप्पणी गर्नुभयो।

शिक्षामा चालु आर्थिक वर्षमा रु एक खर्ब ९६ अर्ब बजेट (करिब १० प्रतिशत) बजेट विनियोजन गरिएको छ। अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार शिक्षामा कुल बजेटको २० प्रतिशत वा कुल गार्हस्थ उत्पादनको छ प्रतिशत लगानी गर्नुपर्ने मान्यता भए पनि नेपालमा प्रतिशतका आधारमा बजेट वृद्धि हुनसकेको छैन। यद्यपि अन्य मन्त्रालयहरूको तुलनामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बजेट सबैभन्दा धेरै रहेको छ।

उहाँले प्रदेश र स्थानीय तहले शिक्षा कर लागू, अन्य आन्तरिक स्रोतको खोजी र निजी क्षेत्रसँगको साझेदारीबाट शिक्षामा लगानी गर्न सुझाव दिनुभयो। विद्यालयमा न्यूनतम सक्षमता आधारको प्रबन्ध भएमा मात्रै समतामूलक गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइमा पहुँच बढाउन सकिने अध्ययनको सार रहेको छ। भएको बजेट पूरै खर्च नहुनु, सुशासन कायम नहुनु र लक्षित वर्गसमक्ष पुग्न नसक्नु शिक्षा प्रणालीको अर्को समस्या मानिन्छ।

डा कुसियतले कोभिड-१९ बाट प्रभावित विद्यार्थीका लागि अनलाइन कक्षालगायतका लागि लगानी बढाउन र पूर्वाधारका साथै शैक्षिक क्रियाकलापमा पनि लगानी र अनुगमन गर्न आग्रह गर्नुभयो।

एनसिई नेपालका अध्यक्ष डिल्लीराम सुवेदीले निरन्तरको अभियान र सरकारी पक्षको इमान्दारिता रहेमा निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको संविधानको मर्मलाई कार्यान्वयन गर्न सकिने बताउनुभयो।

हाल नेपालमा ३५ हजार छ सय ७४ विद्यालय रहेकामा २७ हजार आठ सय १२ सामुदायिक, छ हजार सात सय ३२ निजी (संस्थागत), एक हजार एक सय ३० परम्परागत विद्यालय रहेका छन्। यस्तै दुई हजार एक सय ५१ सामुदायिक सिकाइ केन्द्र, एक सय २१ खुला विद्यालय, औपचारिक प्रौढ विद्यालय एक सय ७१ रहेका छन्। विद्यालय जाने उमेर समूहका विद्यार्थीको कुल भर्नादर ९७ दशमलव ५ पुगे पनि कक्षा छाड्ने दर कायमै रहँदा कक्षा १२ सम्म पुग्दा एकतिहाइ विद्यार्थीमात्रै हुने गरेका छन्।

हाल नेपालमा छ वर्षभन्दा माथिको साक्षरता दर ७८ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको ९२ प्रतिशत, १५ वर्षमाथिको ५८ प्रतिशत र १५ देखि ६० वर्ष उमेर समूहको साक्षरता दर ८५ प्रतिशत रहेको छ। हालसम्म ६१ जिल्ला साक्षर घोषणा भइसकेको छ भने मधेस प्रदेशका सबै जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा), लुम्बिनी प्रदेशको कपिलवस्तु, कर्णाली प्रदेशको मुगु, जुम्ला, हुम्ला, कालिकोट, डोल्पा, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र डोटी साक्षर जिल्ला घोषणा हुन बाँकी रहेको छ।

### *विद्यालय भवनको ...*

बिगारेकोले अब थप चरणमा हुने गुणस्तर कार्यको लागि चुनौती रहेको बताए। उनले यस्तो कार्य गर्नेहरुमाथि सम्बन्धीत निकायहरुले छानविन गरी दोषिहरुलाई कानुनी कारवाही गर्न माग गरे।

भवनको निर्माण कार्यको लागि गठन उपभोक्ता समितिका अध्यक्ष हरि नारायण यादवलाई स्थानिय गाउँ, समाजका जानकारहरुले सुझाव सल्लाह दिदा उल्टै अध्यक्ष यादवले झपार दिने गरेको स्थानीयको आरोप छ। भवन निर्माणका क्रममा ईन्जिनियर एक दिन पनि हेर्न नआएको स्थानीयको आरोप छ।

पकरी मा.वि. विद्यालय भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष हरि नारायण यादव थिए भने सोनरा राप्राविमा भुवनेशवर मण्डल थिए। प्राविधिकले तयार गरेको स्टिमेट अनुसार दुवै विद्यालय भवनको निर्माण कार्य उपभोक्ता समितिले नगरेको महेन्द्र यादवले आरोप लगाएका छन्।

## सैनिक कल्याणकारी कोषको सम्पत्ति ६९ अर्ब तीन करोड ७९ लाख

काठमाडौँ, ३१ भदौ (रासस)।

सैनिक कल्याणकारी कोषको यथार्थ सम्पत्ति रु ६९ अर्ब तीन करोड ७९ लाख पुगेको छ। नेपाली सेनाद्वारा शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा कोषमा नगद मौज्दात रु ६२ अर्ब ६८ करोड ८९ लाख पुगेको जानकारी दिइयो।

विसं २०७८ असार मसान्तसम्ममा कोषमा नगद मौज्दात रु ५४ अर्ब १२ करोड ७५ लाख थियो। उक्त नगद मौज्दात ‘क’ वर्गका २९ वटा वाणिज्य बैंकमा रहेको छ। कोषको मुख्य आयस्रोत भनेको संयुक्त राष्ट्रसङ्घीको आह्वानमा शान्ति कार्यमा गरेको योगदानबाट प्राप्त हुने रकम हो। विसं २०३२ मा शान्ति सेनामा सहभागी भएवापत प्राप्त रु एक करोड २४ लाख एक हजारबाट कोष स्थापना गरिएको थियो।

सैनिक कल्याणकारी कोषबाट करिब १० लाखको सङ्ख्यामा रहेका हिताधिकारीलाई स्वास्थ्य, शिक्षा, सुविधा तथा सहुलियत र सीप तथा स्वरोजगारीका विभिन्न कार्य सञ्चालन भइरहेको सहायकरथी विजय थापाले जानकारी दिनुभयो। सैनिक कल्याणकारी कोषको रकम विगतमा रु ८५ करोड जोखिममा रहेकामा हाल त्यो घटेर करिब रु पाँच करोडमा सीमित रहेको जानकारी दिइयो। सेनाले कोषको पारदर्शितालाई उच्च प्राथमिकतामा राखेको छ।

### *प्रतिनिधि र ...*

भदौ २९ गतेको राजनीतिक दलसँगको बैठकबाट प्राप्त सुझाव समेतका आधारमा संवत् २०७४ सालमा भएको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको लागि राजनीतिक दलले पेश गरी आयोगले प्रकाशन गरेको उम्मेदवारको बन्दसूची असोज १ गते राति १२ बजेदेखि स्वतः कायम नरहने गरी आयोगले निर्णय गरेको हो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आयोगले गरेको उक्त निर्णयको जानकारी प्रतिनिधिसभा, प्रदेशसभा, सङ्घीय संसद्, राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समिति र राजनितिक दललाई दिने तथा नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय समेत गरेको शुक्रबार प्रेस विज्ञप्ति जारी गरी जनाउनुभएको छ।

## डेङ्गुका बिरामी १३ हजार नाघे

काठमाडौँ, ३१ भदौ (रासस)।

नेपालमा डेङ्गुबाट सङ्क्रमितको सङ्ख्या १३ हजार नाघेको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको बुलेटिनअनुसार हालसम्म १३ हजार सात जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ।

डेङ्गुबाट सबैभन्दा बढी ललितपुरमा चार हजार ९८, काठमाडौंमा तीन हजार ५२ र मकवानपुरमा एक हजार चार सय २२ जना सङ्क्रमित छन्। यस्तै रुपन्देहीमा छ सय ४१, भक्तपुरमा चार सय ८२, दाङमा तीन सय ७८, चितवनमा तीन सय ४३, धादिङ एक सय ४५, काभ्रेपलाञ्चोकमा एक सय ३४ र दार्चुलामा एक सय २१ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ।

डेङ्गुका बिरामी सबैभन्दा बढी बागमती प्रदेशमा नौ हजार नौ सय ७१ जना रहेका छन्। हालसम्म डेङ्गुको सङ्क्रमणबाट १३ जनाको निधन भइसकेको छ। विशेषगरी साँझ-बिहानको समयमा सक्रिय हुने, सफा र जमेको पानीमा बस्ने ‘एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेको टोकाइबाट डेङ्गु सर्ने गर्छ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## भियतनाममा एक लाख २० हजारभन्दा बढी भ्रष्टाचार मुद्दामाथि अनुसन्धान सुरु

मनिला ३१ भदौ (रासस/सिन्ह्वा)।

भियतनामले यस वर्षमात्र भ्रष्टाचारका एक लाख २० हजारभन्दा बढी मुद्दामाथि अनुसन्धान थालेको यहाँको भ्रष्टाचारजन्य क्रियाकलापको अनुसन्धान गर्ने निकायले जनाएको छ।

भियतनाम सरकारको भ्रष्टाचार निवारण अभियान अन्तर्गत यस वर्षमात्र ती मद्दामाथि अनुसन्धान थालेएको र अधिकांशमा कारबाही प्रक्रिया पनि अघि बढाएको बताएको छ।

भियतनामको समाचार समितिले बिहीबार यहाँको भ्रष्टाचार नियन्त्रण गर्ने निकायले एक लाख २० हजारभन्दा बढी भ्रष्टाचारजन्य मुद्दाको अनुसन्धान थालेको जनाएको समाचारमा उल्लेख गरेको छ।

सरकारले भ्रष्टाचारजन्य अपराधको अनुसन्धान र कारबाहीलाई अभियानका रुपमा अघि सारेको छ। सोही बमोजिम सो निकायले काम सुरु गरेको र यसवर्षमात्र यी मुद्दामाथि अनुसन्धान र कारबाही थालिएको सो समाचार समितिले जनाएको हो।

यहाँ भ्रष्टाचारजन्य क्रियाकलापमा निकै बढोत्तरी भएको गुनासोका आधारमा सरकारले यो अभियान सुरु गरेको हो। यसवर्ष यस कार्यलाई प्राथमिकताका साथ अघि बढाइने सरकारले जनाएको छ।

यो अभियानबाट भ्रष्टाचारजन्य क्रियाकलापमा सङ्लग्न भएका कैयौँ व्यक्तिमाथि कारवाही हुनुका साथै ठूलो रकम राजस्वका रुपमा प्राप्त हुने पनि बताइएको छ।

## फिलिपिन्समा कोभिडबाट एकैदिन ३१ को मृत्यु

मनिला, ३१ भदौ (रासस/सिन्ह्वा)।

फिलिपिन्समा बिहीबार मात्र कोभिड-१९ बाट दुई हजार एक सय ४१ जनामा सङ्क्रमण भएको बताइएको छ। यो समेत गरी यहाँ अहिलेसम्म ३९ लाखभन्दा बढी व्यक्तिमा कोभिडको सङ्क्रमण भएको जनाइएको छ।

साथै यहाँ कोभिडका कारण बिहीबार मात्र ३१ जनाको ज्यान गएको फिलिपिन्सको स्वास्थ्य विभागले जानकारी दिएको हो।

यो समेतगरी यहाँका ६२ हजार चार सय ४७ जनाको कोभिडबाट निधन भएको थियो। फिलिपिन्सको मेट्रो मनिला क्षेत्रमा कोभिडले सबैभन्दा बढी प्रभावित बनाएको छ।

सो क्षेत्रमा मात्र कम्तीमा पनि एक हजार नयाँ सङ्क्रमित बिहीबार थपिएका बताइएको छ। यहाँ गत जनवरीमा एकै दिन ३९ हजार जनामा पनि सङ्क्रमण भएको थियो।

अहिले भने दैनिक दुई हजारको हाराहारीमा सङ्क्रमित भेटिने गरेका यहाँको स्वास्थ्य विभागले जानकारी दिएको छ। यहाँको जनसङ्ख्याको ७२.८ प्रतिशत नागरिकले कोरोनाका विरुद्धको खोपको पूर्णमात्रा लगाएका छन्।

## न्युयोर्कमा ८० हजार जना घरवार विहिन

न्युयोर्क, ३१ भदौ (रासस/सिन्ह्वा)।

अमेरिकाको सबैभन्दा बढी जनसङ्ख्या भएको सहर मानिने न्युयोर्कमा ८० हजार मानिस घरबार विहीन रहेको पाइएको छ।

झण्डै १५० वर्षदेखि घरबार विहीन र खाद्य अभावमा रहेकालाई सेवा गर्दै आएको बोवेरी मिसनले सार्वजनिक गरेको विवरणमा न्युयोर्कका मात्रै ८० हजार मानिसको घर नरहेको देखिएको हो।

सन् १९३० को दशक पछि पहिलो पटक घरबार विहीन भएकाहरुको सङ्ख्या यति धेरै देखिएको सो संस्थाका अधिकारीले जनाएका छन्।

न्युयोर्क नगरको सामाजिक सेवा विभागले भने ५५ हजार ३३८ जना मात्रै घरबार विहीन रहेको जनाएको छ। विभागको वेभसाइटमा उल्लेखित ५५ हजारमध्ये १८ हजारभन्दा बढी बालबालिका रहेको उल्लेख गरिएको छ।

घरबार विहीन रहेका सबैलाई अहिलेसम्म पनि अस्थायी शिविरमा राखेर सेवा दिइरहेको विभागले जनाएको छ।

## पाकिस्तानमा बाढी पहिरोका कारण थप २२ को मृत्यु

इस्लामावाद, ३१ भदौ (रासस/सिन्ह्वा)।

पाकिस्तानमा बाढी पहिरोका कारण थप २२ जनाको मृत्यु भएको छ। अत्यधिक वर्षापछिका घटनामा परी पाकिस्तानमा पछिल्लो समय दैनिक धनजनको क्षति भइरहेको छ।

घटनामा परी पछिल्लो २४ घण्टामा थप नौ जना घाइते भएको र स्थानीय अस्पतालमा उपचार भइरहेको जनाइएको छ। बाढी पहिरोबाट सबैभन्दा बढी सिन्ध प्रान्त प्रभावित भएको छ। यही प्रान्तमा मानवीय क्षति र भौतिक क्षति सबैभन्दा बढी भएको छ।

गत मध्य जुनदेखि सुरु भएको मनसुनपछिका घटनाका कारण पाकिस्तानमा यस पटक अकल्पनीय क्षति भएको छ।

बाढी पहिरोले लाखौँ विस्थापित भएका छन्, भने अरु हजारौं घाइते भएका छन्। घटनामा परी अहिलेसम्म एक हजार ५०८ जनाको मृत्यु भएको जनाइएको छ।

त्यसैगरी १२ हजार ७५८ जना घाइते भएका छन्। प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार यसअवधिमा १८ लाख १७ हजार ५५० घर क्षतिग्रस्त भएका छन्। नौ लाख २९ हजार ५४३ जनावर मरेको पनि प्राधिकरणले जनाएको छ।

# बालवालिकाहरूको स्वास्थमा सुधार तथा मृत्युदर घटाउनुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ ।**

नवजात शिशु तथा ५ बर्षमुनीका बालवालिकाहरूको स्वास्थमा सुधार र मृत्युदर घटाउनुपर्नेमा जोड दिइएको छ ।

समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत ब्यबस्थापन कार्यक्रम अन्तर्गत स्वास्थकर्मिहरूका लागि ६ दिने आधारभुत क्लिनिकल तालिमको समापनको अवसरमा सो कुरामा जोड दिइएको हो ।

स्वास्थ कार्यालय सप्तरीको आयोजनामा तथा सवल नेपाल र सेभ द चिल्ड्रेनको सहयोग शुक्रबार राजबिराजमा आधारभुत क्लिनिकल तालिम समापनको आयोजना गरिएको हो ।

उक्त अवसरमा स्वास्थ कार्यालयका प्रमुख दुनियालाल यादबले नवजात शिशु र ५ बर्षमुनीका वालवालिकाहरूको स्वास्थमा सुधार गर्न र बिरामीको मृत्युदर घटाउन तथा बृद्धिबिकासमा टेवा पुऱ्याउनु पर्ने बताए । उनले सीप र ज्ञान लाई सही ठाउमा प्रयोग गरेर स्वास्थ चौकीमा दिएका सेवालाई अभिलेख र प्रतिवेदन बनाई रेकर्ड गरेर राख्न निर्देशन समेत दिए ।

प्रमुख यादबले नवजात शिशुलाई सुरक्षित गर्नका लागी सफा र सुख्खा गरेर न्यानो बनाई राख्ने, नवजात शिशुको श्वासप्रश्वास नलिलाई सिधा बनाउने, नवजात शिशुको श्वाप्रश्वास नलिलाई सकसन प्रयोग गरेर मुख नाक सफा गर्ने जस्ता उपायहरू अपनाएर नवजात शिशुलाई सुरक्षति गर्नुपर्ने बताए ।

तालिमका प्रशिक्षक जागेश्वर खड्गाले ५ बर्ष मुनीका वालवालिकाहरूलाई खोप, सरसफाई, बहुक्षेत्रिय पोषणको बारेमा स्वास्थ चौकी र गाँउघर क्लिनिकमा तालिममा सहजिकरण सिकेका कुराहरूलाई ब्यवहारमा उतार्दै सेवा दिन स्वास्थकर्मिहरूलाई आग्रह गरे ।

सबल नेपालका अध्यक्ष जुना गिरीले स्वास्थ चौकीलाई स्वस्थ बनाई स्वास्थ कार्यालयलाई ब्यबस्थापन गरी सहज वातावरण बनाउन स्वास्थकर्मिहरूलाई सुझाव दिइन् ।

सेभ द चिल्ड्रेनका स्वास्थ संयोजक देवकृष्ण भगतले नवजात शिशु र ५ बर्षमुनीका वालवालिकाहरूको स्वास्थमा सुधार गर्न र बिरामी र मृत्युदर घटाउन तथा बृद्धिबिकासमा टेवा पुऱ्याउने लक्ष्य रहेको बताए ।

सप्तरीका खडक नगरपालिका र सुरूङ्गा नगरपालिकाका २४ जना स्वास्थकर्मिहरूको सहभागिता रहेको थियो भने कार्यक्रममा स्वास्थ कार्यालयका अम्बिका ओली, जागेश्वर खड्गाले सहजिकरण गरेका थिए ।

# गाउँपालिकाद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुको अध्ययन टोलीले काम थाल्यो



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनराबलोकन प्रतिबेदन तयारीको काम थालिएको छ ।

संयुक्त राष्ट्र संङघीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा दिगो विकास लक्ष्यलाई लक्षित गरी गाउँपालिकाद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुको अध्ययन टोलीले काम थालेको हो ।

प्रतिवेदन तयारीका लागि गाउँपालिकाले युएनडिपीले ट्रान्सेन्ड भिजन नेपाल नामक गैरसरकारी संस्थालाई परिचालन गरेको छ ।

गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनराबलोकन प्रतिबेदन बनाउन आवश्यक पर्ने परिमाणात्मक तथ्याङ्क, सूचना सङ्कलनलगायतको कार्यहरु भईरहेको गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले जानकारी दिएका छन् ।

प्रतिवेदन तयारीको सन्दर्भमा शुक्रबार गाउँपालिकाका बिषयगत समितिका पदाधिकारी तथा कर्मचारीहरुसँग कार्यशालाको आयोजना गरियो ।

सो कार्यशालामा ट्रान्सेन्ड भिजन नेपालका रमेश प्रसाद मैनाली र उद्धव खनालले सहजीकरण गरेको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेशकुमार झाले जानकारी दिए । सो कार्यक्रममा गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल, उपाध्यक्ष फुलकुमारी साह, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव तथा वडा अध्यक्षहरु दिनेश्वर मिश्र, कमलकुमार मण्डल, रमेश मुखिया, सत्यनारायण यादव तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# एक सय १० जना संक्रमित

काठमाडौँ, ३१ भदौ (रासस) :

देशभर पछिल्लो २४ घण्टामा थप एक सय १० जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा तीन हजार आठ सय २७ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार सात सय ५२ जनाको पिसीआर र दुई हजार ७५ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस अवधिमा एक सय २६ जना कोरोनाबाट मुक्त भएका छन् । योसँगै कोरोनाबाट मुक्त हुनेको संख्या नौ लाख ८५ हजार एक सय तीन पुगेको छ । संख्मण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय कोरोना संक्रमितको संख्या दुई हजार ६२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १६ पुगेको छ । हाल होम आइसोलेशनमा एक हजार नौ सय ९९, संस्थागत आइसोलेशनमा ६३ र आइसियुमा २० संक्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौँ र दुई सयभन्दा बढी संक्रमित रहेका जिल्लामा ललितपुर रहेको छ । शून्य संक्रमित रहेका जिल्लामा ताप्लेजुङ, मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, कालिकोट, बझाङ र दार्चुला छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा सात सय ९३, ललितपुरमा तीन सय ३७ र भक्तपुरमा ३१ सक्रिय संक्रमित छन् । कूल संक्रमण दर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

# निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार मतदाता

काठमाडौँ, ३१ भदौ (रासस) ।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाताहरूको अन्तिम नामावली स्वीकृत गरेको छ ।

निर्वाचन घोषणा भएको गत साउन १९ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गरी निर्वाचन हुने अघिल्लो दिन मङ्सिर ३ गतेससम्ममा १८ वर्ष उमेर पूरा हुने ८८ लाख ४७ हजार पाँच सय ७९ महिला, ९१ लाख ४० हजार आठ सय छ पुरुष र एक सय ८५ जना अन्य गरी उक्त सङ्ख्यामा मतदाता नामावली शुक्रबार स्वीकृत गरेको हो । गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार सात सय २३ मतदाता रहेका थिए ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शुक्रबार विज्ञप्ति जारी गरी मतदाता सङ्ख्यासमेतका आधारमा आयोगले १० हजार आठ सय ९१ मतदान स्थल र सोअन्तर्गत २२ हजार दुई सय २६ मतदान केन्द्रहरू रहने गरी स्वीकृत गरेको जानकारी दिनुभएको छ ।

आयोगका अनुसार सबैभन्दा बढी मतदाता रहेका जिल्लाहरू मोरङ, झापा र काठमाडौँ छन् भने सबैभन्दा कमतर्फ क्रमशः मनाङ, मुस्ताङ र डोल्पा रहेका छन् ।

# निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारलाई कारबाही

काठमाडौँ, ३१ भदौ (रासस) ।

निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कानुन तथा आचारसंहिताबमोजिम गत वैशाख ३० गतेको स्थानीय तहको निर्वाचनमा भएको खर्च विवरण नबुझाउने उम्मेदवारलाई रु सात लाख ५० हजारसम्मको जरिवनासहित कारबाही गरेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गरिएको हो । निर्वाचन खर्चको विवरण नबुझाउने एक लाख १४ हजार नौ सय ५८ र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने आठ हजार छ सय ६६ उम्मेदवारलाई कारबाही गरिएको हो ।

ती उम्मेदवारलाई तोकिएको समयावधिभित्र के कति कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकामा तपाइँहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? भनी सातदिने स्पष्टीकरण सोधिएको थियो । स्पष्टीकरण सोधिएका मध्ये १६ हजार आठ सय ९४ उम्मेदवारले आफूलाई कानुनको जानकारी नभएको, कार्यव्यस्तता रहेकोजस्ता कारण देखाई सफाइ पेस गरेकामा सो जवाफ सन्तोषजनक नभएकाले उनीहरूलाई पनि जरिवनासहित कारबाही गरिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शुक्रबार विज्ञप्ति जारी गरी खर्च विवरण नबुझाउने महानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु सात लाख ५० हजार, महानगरपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई जनही रु तीन लाखका दरले जरिवाना तोकिएको छ ।

यस्तै उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु पाँच लाख ५० हजार, उपमहानगरपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई रु दुई लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु चार लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई रु दुई लाखका दरले जरिवना तोकिएको छ ।

आयोगले गाउँपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु तीन लाख ५० हजार, गाउँपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई रु एक लाख ५० हजारका दरले जरिवाना तोकेको छ । यसरी कारबाहीमा पर्ने उम्मेदवारले पाँच वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाउने र जरिवाना बापतको रकम निजहरूबाट दाखिला नभए सो रकम असुल उपर गर्ने प्रयोजनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम जरिवाना बापतको रकम सरकारी बाँकी सरह असुल उपर गर्न जरिवाना भएका उम्मेदवारको नाम नामेशीसहितको विवरण तयार गरी केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउन पनि आयोगले निर्णय गरेको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*